भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०७५/७६ प्र.शा.

च.नं. २१४

मिति : २०७५/०४/११

श्री वडा कार्यालयहरु (सवै),

भरतपुर महानगरपालिका ।

विषय : निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका, नगरकार्यपालिकाको मिति २०७५/०४/०७ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ७ (सात) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

..............................

(रोम वहादुर महत)

शाखा अधिकृत

शाखा अधिकृत

वोधार्थ :

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका, (जानकारीको लागी)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका, (जानकारीको लागी)

श्री सूचना शाखा,

भरतपुर महानगरपालिका, (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)

श्री ..............................शाखा,

भरतपुर महानगरपालिका, (आवश्यक कार्यार्थ)

Scanned by CamScanner

निर्णय नं. १.

प्रमुख

नक्शा पास सम्बन्धी विशेष व्यवस्था एवं अन्य छुट सम्बन्धमा समस्या एवं सवाल र समस्याको निकास तथा नयाँ निर्माण सम्बन्धमा नक्सा पास गर्दा लाग्ने शुल्कमा छुट सम्बन्धी प्रबन्धहरु समेटिएको देहायको तालिका बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । साथै नक्शा पास सम्बन्धी विशेष व्यवस्थाका लागि छुट भएका घरधनीको हकमा ३५ दिनको सूचना पुन: एक पटक दिने र प्राप्त निवेदनलाई छानविन समेत गरी सोही बमोजिम कारवाही अगाडी बढाउने निर्णय समेत गरियो ।

**(क) निर्माण भैसकेका भवनहरुको सम्बन्धमा**

*यो विशेष व्यवस्था २०७४ असोज २९ अघि बनेका घरहरुको सम्बन्धमा मात्र लागू हुनेछ ।*

| क.सं. | समस्या एवं सवाल | समस्याको निकास |
|---|---|---|
| १ | ९"×९" को पिलर रहेका तथा लोड बियरिङसहित नक्सा पास नभै बनेका घरहरु तथा नक्सा पास भएतापनि स्वीकृती नलिई तला थप, कोठा थप भै बनेका संरचनाहरुका सम्बन्धमा | तपसिल बमोजिमका आधारहरु र भवन निर्माण मापदण्ड पूरा गरेका प्रति तलाको क्षेत्रफल १२०० वर्ग फिट सम्मका भवनहरुको नक्सा तेब्बर दस्तूर लिई नक्सा नियमित गरी नक्सा पास गरी दिने<br>• स्ल्याव प्रोजेक्सन ३'६" सम्म Cantilever मा Wall भएका भवनहरुको नक्सा<br>• स्ल्याव प्रोजेक्सन ३'६" भन्दा बढी भै प्रोजेक्सनमा वाल लगाएकोमा Structural Analysis ले भवन सुरक्षित छ भन्ने प्रमाणित भै आएका भवनहरुको नक्सा<br>• चौडाई र उचाईको अनुपात, तीन गुणासम्म भएका भवनहरुको नक्सा<br>• बढीमा तीन तला सम्मका भवनहरुको नक्सा |
| २ | ९"×१२" को पिलरमा एक तलाको क्षेत्रफल १५०० वर्ग फिटहुने गरी नक्सा स्वीकृत भै २०७४ असोज २९ अघि स्वीकृति नलिई तला थप भैसकेका भवनहरु | तपसिल बमोजिमका आधारहरु र भवन निर्माण मापदण्ड पूरा गरेका बढीमा तीन तला सम्मका भवनहरुलाई मात्र तेब्बर नक्सा पास दस्तुर लिई नक्सा नियमित गरी नक्सा पास गरिदिने<br>• स्ल्याव प्रोजेक्सन ३'६" सम्म Cantilever मा Wall भएका भवनहरुको नक्सा<br>• स्ल्याव प्रोजेक्सन ३'६" भन्दा बढी भै प्रोजेक्सनमा वाल लगाएकोमा Structural Analysis ले भवन सुरक्षित छ भन्ने प्रमाणित भै आएका भवनहरुको नक्सा<br>• चौडाई र उचाईको अनुपात तीन गुणासम्म भएका भवनहरुको नक्सा |

प्रमुख

Scanned by CamScanner

स्थापित प्रमुख

| | | |
|---|---|---|
| ३ | अस्थायी प्रकृतिका निर्माण भैसकेका आवासीय एवं भवनहरु (जस्ता लगाएका घर, गोठ) | सडक सम्बन्धी मापदण्ड पूरा भै पेश [illegible] नक्साहरुलाई तेब्बर दस्तुर लिई स्वीकृति दिने । |
| ४ | सडक मापदण्ड परिवर्तन भै समस्यामा परेका भवनहरु (नक्सापास हुँदा सडकको चौडाई कम भै नक्सा स्वीकृत भएको, हाल सडकको चौडाई बढी कायम भएकोर उक्त भवन स्वीकृति नलिई तला थप भएको कारण हालको सडक मापदण्ड पुरा नभएको) | स्वीकृति प्राप्त गरी नक्शा अनुसार निर्माण भएको भए निर्माण सम्पन्न दिने । |
| ५ | साविक कविलास गा.वि.स. हुँदा बनेका भवनहरु | व्यापारिक प्रयोजनमा बनेका भवनहरुलाई नक्सा पास दस्तुर छुट नदिने तथा आवासीय प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको तीन गुणाको ७० प्रतिसत छूट गरी २०७६ असार मसान्तसम्म अभिलेखिकरण गरी नक्सा पास गर्ने । |
| ६ | साविक नारायणी र चित्रवन नगरपालिका तथा शिवनगर, फूलबारी, पटिहानी, मंगलपुर र गीतानगर गा. वि. स. हुँदा बनेका भवनहरु | व्यापारिक प्रयोजनमा बनेका भवनहरुलाई नक्सा पास दस्तुर छुट नदिने तथा आवासीय प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको तीन गुणाको ५० प्रतिसत छूट गरी २०७६ असार मसान्त सम्म अभिलेखिकरण गरी नक्सा पास गर्ने । |
| ७ | नहर, कुलोमा रहेको सर्भिस रोडको सम्वन्धमा | नहर, कुलोमा रहेको सर्भिस रोडको सम्वन्धमा सम्वन्धित वडा समितिबाट सडक हो भनी सिफारिस भै आएमा स्थलगत निरीक्षण समेत गरी सो वाटोवाट प्रचलित सेट ब्याक छोडी नक्सा स्वीकृति दिने। |
| ८ | निर्माण भैसकेका कुखुरा पालनमा प्रयोग हुने खोरहरु | |
| ८.क | अस्थायी प्रकृतिका निर्माण भैसकेका कुखुराका खोरहरु | नक्सापास दस्तुरको तीन गुणाको ५० प्रतिसत छूट गरी अभिलेखिकरण गरि नक्सा पास दिने। |
| ८.ख | स्थायी प्रकृतिका निर्माण भैसकेका कुखुराका खोरहरु | तीन तला सम्म निर्माण भएका कुखुराको खोरहरुलाई स्वीकृति दिने। |
| ९ | साविक कविलास गा. वि. स. मा बनेका भुकम्प पिडितका भवनहरुको सम्बन्धमा | चलन चल्तिमा रहेको बाटोमा निर्माण भएका भवनहरुलाई उक्त बाटो चलन चल्तिको बाटो हो भनि वडा समितिबाट सिफारिस भै आएमा स्थलगत निरिक्षण समेत गरि अभिलेखिकरण गरि नक्सा पास गरि दिने। |

स्थापित प्रमुख

Scanned by CamScanner

| | | |
|---|---|---|
| १० | Public Building तथा माथि उल्लेखित criteria भित्र नपरेका भवनहरुको सम्वन्धमा | प्रवलिकरणका लागि Design पेश भई आएमा मात्र स्विकृति दिने । |

(ख) नयाँ भवन निर्माण सम्वन्धमा

| | | |
|---|---|---|
| १ | नयाँ निर्माण हुने कुखुराको खोरहरु तथा गोदामहरु | |
| १.क | अस्थायी प्रकृतिका निर्माण हुने कुखुराका खोरहरु तथा गोदामहरु | ३० फीट चौडाई र ९० फीट लम्बाई सम्मको कुखुराको खोरहरु तथा गोदामहरुको लागि नगरपालिकाले उपलब्ध गराएको न्युनतम मापदण्ड अनुसार पेश हुने भवनहरुको नक्सा स्वीकृति दिने र सो भन्दा बढी भएमा Structural Analysis अनुसार स्वीकृति दिने। |
| १.ख | स्थायी प्रकृतिका निर्माण हुने कुखुराका खोरहरु तथा गोदामहरु | मापदण्ड एवं भवन संहिता अनुसार हुने। |
| २ | साविक कविलास गा.वि.स. मा नयाँ बन्ने भुकम्प पिडितका भवनहरुको सम्वन्धमा | चलन चल्तिमा रहेको वाटोमा निर्माण भएका भवनहरुलाई उक्त वाटो चलन चल्तिको वाटो हो भनि वडा समितिबाट सिफारिस भै आएमा स्थलगत निरिक्षण समेत गरि नक्सा पास गरि दिने। |
| ३ | भुकम्प पिडितहरुलाई नक्सा पास दस्तुरमा छुट दिने | भुकम्प पिडितहरुलाई पुनः एक वर्ष जमिन तले आवाशिय भवनहरुको निर्माणको नक्सा पास दस्तुरमा छुट दिने । |
| ४ | रिङ रोड तथा लिङ्करोकको दायाँवायाँ पर्ने घरहरु | महानगरपालिकामा पर्ने रिङ रोड तथा लिङ्क रोडको साँध सिमाना रेखाङ्कन भएको स्थानमा मात्र रिङ रोड तथा लिङ्क रोडलाई आधार मानी नक्सा स्वीकृति दिने । यकिन हुन वाँकीका हकमा महानगरपालिकाबाट यकिन गरेर मात्र स्वीकृति दिने । |

<u>निर्णय नं. २.</u>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगर दररेट समितिबाट तयार गरी पेश हुन आएको चालु आ. ब. २०७५/७६ को लागि प्रस्तावित भरतपुर महानगरपालिकाको नगरदररेट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

प्रमुख

निर्णय नं. ३.

सेवा प्रवाहमा सुधारका लागि सेवा केन्द्रको स्थापनाको संभाव्यता सम्बन्धमा अध्ययन गर्न तथा महानगरपालिका र अन्तर्गतका वडाहरुमा रहेको दरबन्दी संरचना सम्बन्धमा पूर्वाधार, जनशक्ति तथा सेवा प्रभावकारिता समेतका आधारमा अध्ययन गरी सम्भाव्य विकाल्प सहितको प्रतिवेदन दिनका लागि १५ दिनको समय दिई देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| कुलबहादुर जि. सी., उपसचिव | संयोजक |
| कर्ण वहादुर गुरुङ, वडाध्यक्ष, वडा नं १९ | सदस्य |
| चित्रसेन अधिकारी, वडाध्यक्ष, वडा नं २१ | सदस्य |
| विष्णु राज महतो, वडाध्यक्ष, वडा नं २२ | सदस्य |
| विजय कुमार भुजेल, वडाध्यक्ष, वडा नं २५ | सदस्य |
| ज्ञान प्रसाद खनाल, वडाध्यक्ष, वडा नं २६ | सदस्य |
| पवित्रा के सी, कार्यपालिका सदस्य | सदस्य |
| रोम वहादुर महत, शाखा अधिकृत | सदस्य-सचिव |

निर्णय नं. ४.

भरतपुर महानगरपालिकाले हाल सम्म पारित गरेका र आगामी दिनहरुमा समेत तर्जुमा गर्ने कानूनहरुलाई विधिवतरुपमा कार्यान्वयनमा ल्याउनका लागि स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने हुँदा यस कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले तयार पारिएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५.

महानगरभित्र क्रिकेट रंगशाला स्थापनाका लागि पूर्वतयारी समिति र इन्जिनियरिङ कलेज संचालनमा सहजीकरण सम्बन्धी समिति गठन गर्न आवश्यक भएको हुँदा देहाय वमोजिमका समिति गठन गरी तयारी कार्य अघि बढाउने निर्णय गरियो ।

**क्रिकेट रङ्गशाला स्थापनाका लागि पूर्वतयारी समिति**

| | |
|---|---|
| रेनु दाहाल, नगर प्रमुख | संयोजक |
| पार्वती शाह, नगर उप-प्रमुख | उप-संयोजक |
| जयराम श्रेष्ठ, वडाध्यक्ष, वडा नं १ | सदस्य |
| अरुण पीडित भण्डारी, वडाध्यक्ष, वडा नं १० | सदस्य |
| चित्रसेन अधिकारी, वडाध्यक्ष, वडा नं २१ | सदस्य |
| शम्भु वहादुर भण्डारी, वडाध्यक्ष, वडा नं १५ | सदस्य |
| मणीलाल तामाङ, वडाध्यक्ष, वडा नं २० | सदस्य |
| चक्र रुचाल, कार्यपालिका सदस्य | सदस्य |

प्रमुख

Scanned by CamScanner

प्रमुख

सदस्य-सचिव

नेत्रप्रसाद सुवेदी, प्रमुख प्रशासकीय अधिकृत

इन्जिनियरिङ कलेज संचालनका लागि सहजीकरण समिति

| | |
|---|---|
| नेत्रप्रसाद सुवेदी, प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| पदमपाणी सुवेदी, वडाध्यक्ष, वडा नं ५ | सदस्य |
| अरुण पीडित भण्डारी, वडाध्यक्ष, वडा नं १० | सदस्य |
| नरेन्द्र कुमार कन्दङ्वा, वडाध्यक्ष, वडा नं १२ | सदस्य |
| शम्भु बहादुर भण्डारी, वडाध्यक्ष, वडा नं १५ | सदस्य |
| दीपक लामा, वडाध्यक्ष, वडा नं १८ | सदस्य |
| सहदेव भण्डारी, महाशाखा प्रमुख, सहरी पूर्वाधार विकास महाशाखा | सदस्य-सचिव |

**विविध निर्णय**

**निर्णय नं. १.**

साविक देखि सञ्चालनमा रहेको लायन्स चोक नजिकको तरकारी तथा फलफूल मण्डीको सम्झौता अवधि हाललाई २०७५ असोज सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

गत आ. व. २०७४/०७५ को वार्षिक प्रगति समीक्षाका लागि योजना महाशाखाबाट आवश्यक तयारी गर्ने र यथासंभव २०७५ श्रावण महिना भित्र समीक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.**

सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने सम्बन्धमा छलफल हुँदा महानगरपालिका र यस अन्तगर्तका वडाहरुबाट सम्पादित काम कारवाहीका सम्बन्धमा एउटा संयुक्त सार्वजनिक सुनुवाई कार्यक्रम २०७५ भाद्र मसान्त भित्र आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.**

सार्वजनिक जग्गाको पहिचान तथा संरक्षण सम्वन्धी विषयलाई प्राथमिकता पूर्वक अगाडि बढाउने निर्णय गरियो । समितिका तर्फबाट पेश भएको वडा नं २३ स्थित गौचरन र स्थानीयवासीको जग्गा सम्वन्धी विवाद समाधान सम्बन्धी प्रतिवेदन बैठकमा पेश भई सो स्थानका सम्बन्धमा मात्र स्थानीयवासीका तर्फबाट २ मीटर र सार्वजनिक जग्गा (गौचरन) तर्फबाट ६ मिटर जग्गा व्यवस्थापन गरी ८ मिटरको बाटो कायम गर्ने गरी गरिएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

प्रमुख

## निर्णय नं. ५.

भरतपुर महानगरपालिका अन्तर्गत नगरपालिकाको स्वामित्वमा रहेको वडा नं ९ तथा वडा नं १ स्थित बस टर्मिनलहरु ठेक्का वन्दोबस्त द्वारा निजी क्षेत्रलाई सहभागी गराई सञ्चालन गर्ने निर्णयानुसार मिति २०७५/२/८ मा केन्द्रीय बस टर्मिनल र नारायणगढ वसपार्क सञ्चालन र व्यवस्थापन सम्बन्धी शिलवन्दी वोलपत्र आव्हान गरेको सूचना वमोजिम मिति २०७५/३/७ गते दिउँसो १.०० बजे भित्र पर्न आएका शिलवन्दी वोलपत्रहरुको मूल्यांकन गर्दा एन. के. इन्टरनेशनल कन्स्ट्रक्सन प्रा लि, भरतपुर ४ को आ. व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: २,६५,००,०००।- , २,७३,००,०००।- र ४,७०,००,०००।- गरी जम्मा रु १०, ०५, ००, ०००।– (अक्षरुपी दश करोड पाँच लाख मात्र) सबैभन्दा बढी कबोल गरेकोले मूल्यांकन समितिबाट महानगरपालिका समक्ष सिफारिस गरे वमोजिम वोलपत्र स्वीकृत गरी भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६.

भरतपुर महानगरपालिकाका वरिष्ठ इन्जिनियर विराट घिमिरेलाई विपद व्यवस्थापन सम्पर्क व्यक्ति तोक्ने, विगत देखि सञ्चालनमा रहेको विपद व्यवस्थापन कोषलाई सकृय राख्ने तथा देहाय बमोजिमको नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| पदमपाणी सुवेदी, वडा अध्यक्ष | सदस्य |
| प्रकाश दवाडी, वडा अध्यक्ष | सदस्य |
| ललीत मान तमाङ, वडा अध्यक्ष | सदस्य |
| नरी नारायण पौडयाल, वडा अध्यक्ष | सदस्य |
| गोविन्द तमाङ, वडा अध्यक्ष | सदस्य |
| मन बहादुर मगर, वडा अध्यक्ष | सदस्य |
| कार्यपालिका सदस्य पार्वती वि. क. | सदस्य |
| विपद व्यवस्थापन सम्पर्क व्यक्ति विराट घिमिरे | सदस्य-सचिव |

समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ । साथै समितिले आवश्यक देखेमा सम्बन्धित विज्ञलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

## निर्णय नं. ७.

भरतपुर महानगरकाका नगर प्रमुखले HABITAT को आयोजनामा आगामी ३१ जुलाई देखि ३ अगष्टसम्म चीनको छेङ्दु तथा CITYNET को आयेजनामा उप-सचिव (प्रा) सहदेव बहादुर भण्डारीको अगष्ट १ देखि ३ सम्म फिलिपिन्समा हुने कार्यशालामा सहभागी हुन निमन्त्रणा प्राप्त भएकाले महानगरलाई कुनै आर्थिक दायित्व नपर्ने गरी मनोनयन गर्ने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

प्रमुख

निर्णय नं. ८.

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख, उपप्रमुख, अन्य पदाधिकारीहरु तथा महानगरका सवै वडा समितिका पदाधिकारीको तर्फवाट सम्मानित सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा परेका मुद्दाहरुमा फिरादपत्र, प्रतिउत्तरपत्र, निवेदन, लिखित जवाफसमेत तयार गरी प्रस्तुत गर्न र अदालतमा तारेखमा बसी मुद्दा पुर्पक्ष गर्न र मुद्दाको गाम्भीर्यतालाई हेरी उपयुक्त कानून व्यवसायी नियुक्त गरी मुद्दाको पुर्पक्ष गराउन समेतका लागि यस कार्यालयका कानून अधिकृत खगेश्वर अधिकारीलाई अख्तियारीदिने निर्णय गरियो ।

निर्णय नं. ९.

भरतपुर महानगरपालिका र उद्योग वाणिज्य संघ चितवनवीच विगतमा भएको व्यवसाय करको सम्झौता नवीकरण सम्वन्धमा छलफल हुँदा राजस्व संकलनमा दुवै पक्षको सकृय सहकार्य कायम गर्ने र व्यवसाय करतर्फ उठेको करको बढीमा पाँच प्रतिशतले हुन आउने रकम उपलव्ध गराउने एवं यसरी उपलव्ध गराइने रकमको कम्तिमा ७० प्रतिशत रकम सार्वजनिक सरोकारका विकास निर्माणमा अनिवार्यरुपमा लगाउने शर्त सहित सम्झौता नवीकरण गर्ने निर्णय गरियो । साथै पुल्चोक लायन्सचोक हुँदै चौविस कोठी मूल वाटो व्यवस्थापन गर्ने र नारायणी नदी किनारमा सि विच मोडलको पार्क व्यवस्थापनमा सहकार्य गर्ने समेत निर्णय गरियो ।

नेर्णय नं. १०.

रतपुर महानगरपालिकावाट आ व २०७४/७५ मा शुरु भई विविध कारणले २०७५ असार मसान्तभित्र म्पन्न हुन नसकेका वडास्तर तथा नगरस्तरीय कार्यक्रमहरुको म्याद २०७५ पौष मसान्तसम्म थप गर्ने र्णय गरियो । त्यस्ता कार्यक्रमको अन्तिम सूचि तयार गरी प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत उनेगरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२०७५/४/८

प्रमुख

Scanned by CamScanner